सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १८३ ♦ २०८१ साल माघ २९ गते मंगलवार ♦ 11 Feb 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सरकारले ल्याएको अध्यादेश राष्ट्रियसभाबाट पारित सहजै हुने अवस्था छैन् : प्रचण्ड



नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सरकारले ल्याएको अध्यादेश राष्ट्रियसभाबाट पारित सहजै हुने अवस्था नरहेको बताएका छन् ।

जनकपुर विमानस्थलमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै अध्यादेशमा निर्णायक जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव सत्ताको लागि आफ्नो सिद्धान्त छाडेर छानेजस्तो नलागेको बताए ।

उनले भने, 'विधि र प्रक्रियासँग सम्बन्धित बिषयमा उहाँहरू अहिलेसम्म उडिनुभएको छ । उहाँहरू आफ्नो मुद्दा छाडेर खाली सत्ताको लागि जानुहुन्छ जस्तो लाग्दैन । उहाँहरूले निर्णय गर्न बाँकी छ। केन्द्रीय समिति बैठक बोलाउनुभएको थियो। रोकिएको छ । उहाँहरूले आफ्नो अडान छाड्नुभएन भने राष्ट्रियसभाबाट अध्यादेश पारित नहुने स्थिति बन्दैछ ।'

उनले सरकारले गलत नियतले अध्यादेश ल्याएकाले राष्ट्रियसभामा रोकिएको दाबी गरे ।-रासस

## समुदायसँगको अन्तर्घुलनबिना रूपान्तरण हुन्न, म अहिले त्यसैमा लागेको छु : प्रचण्ड

**खबर दर्पण समाचारदाता**

**माघ २८ गते, बर्दिवास**



नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अब सुशासन, समृद्धि र सामाजिक न्यायका लागि समर्पित हुनुपर्ने बताएका छन्। महोत्तरीको बर्दिबास-३ गौरीडाँडास्थित 'आधारशीला' स्थापनाको २२औं वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै आज उनले यसका लागि आफ्नो दलले समुदायमा आधारित गतिविधिलाई अघि बढाउने निर्णय गरेको बताए।

"भर्खरै पार्टीको केन्द्रीय समिति बैठक सम्पन्न गरेका छौं, अब हामी समुदाय आधारित काममा केन्द्रित हुनेछौं", अध्यक्ष दाहालले भने, "यसका लागि आगामी फागुन १२ गतेदेखि हुलाकी राजमार्गमा जनतासँग माओवादी अभियान सञ्चालन गर्दैछौं।" उनले यस अभियानले यसअघि समुदायसँग विग्रिएको सम्बन्धलाई सुधार्दै आगामी निर्वाचनमा आफ्नै बलबुतामा अगाडि बढ्ने गरी सहयोग पुऱ्याउने अपेक्षा व्यक्त गरे।

समुदायसँगको अन्तर्घुलनबिना राजनीति, आर्थिक अवस्था र सांस्कृतिक रूपान्तरणका लक्ष्य पूरा नहुने भन्दै अध्यक्ष दाहालले पार्टीका सारा कामलाई जनकेन्द्रित बनाउन आधारभूत तहका पार्टी समितिले योजनाबद्ध काम अघि बढाउन पर्ने धारणा राखे। उनले 'आधार शीला' कम्युनको अवधारणालाई व्यवहारिक रूप दिन थालिएको एक प्रयत्न भएको बताउँदै अब देशभरिमै यस्ता प्रयत्न अघि बढाइने बताए।

## भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीको तलब भत्ता बढाउनुपर्छ : मुख्यमन्त्री सिंह

**खबर दर्पण समाचारदाता**

**माघ २८ गते, जनकपुरधाम**

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले भ्रष्टाचार नियन्त्रण गर्न कर्मचारीको तलब सुविधा बढाउनुपर्ने बताएका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औँ वार्षिकोत्सवको अवसरमा आज यहाँ आयोजित कार्यक्रममा मुख्यमन्त्री सिंहले भ्रष्टाचार नियन्त्रण गर्न सम्बन्धित निकायले कडाइका साथ लाग्नुपर्ने बताएका हुन् । सदाचार, निष्पक्षता र निर्भीकताका साथै भ्रष्टाचार नियन्त्रणमा सबैले भूमिका खेल्नुपर्ने उनको भनाई थियो । मुख्यमन्त्री सिंहले शिक्षा, स्वास्थ्य, उद्योग, खानेपानी लगायत प्रत्येक क्षेत्रमा भ्रष्टाचार व्याप्त रहेको र दर्ता नभएकाले राजस्व छल्ने काम गरेकाले ती निकायलाई सरकारको करको दायरामा ल्याउनुपर्ने उल्लेख गरे ।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले भ्रष्टाचार नियन्त्रणसम्बन्धी कानुन फितलो भएकाले मुलुकमा भ्रष्टाचार बढेको बताए । महँगी अनुसार कर्मचारीको तलबभत्ता नबढाएसम्म भ्रष्टाचार नियन्त्रण नहुने उनको भनाइ थियो ।

जिल्ला समन्वय समिति धनुषाका प्रमुख राजनन्दन मण्डलले भ्रष्टाचार नियन्त्रणका लागि सामूहिक प्रतिबद्धताको खाँचो रहेको बताए । अख्तियार दुरुपयोग अनुसन्धान आयोग बर्दिवासका प्रमुख रामबहादुर कुरुवाङले भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा आफ्नो कार्यालयले उल्लेखनीय रूपमा आर्थिक



अनियमिततासम्बन्धी मुद्दाको फछ्र्यौट गरेको जानकारी दिए ।

**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिबास, महोत्तरी

०४४-५५०२५५



# जनकपुरका अवैध अस्पतालहरू संगठित, सरकार विरुद्ध आन्दोलनको तयारी



**खबर दर्पण समाचारदाता**
**माघ २८ गते, जनकपुरधाम**

मधेश सरकारले अवैध रूपमा सञ्चालन भइरहेका निजी अस्पतालहरूविरुद्ध कडा कदम चालेपछि जनकपुरधामका केही अस्पताल सञ्चालकहरू संगठित भएका छन्।

बिना दर्ता तथा मापदण्ड विपरीत सञ्चालन भएका अस्पतालहरूमा अनियमितता बढ्दै गएपछि मधेशका मुख्यमन्त्री सतिश सिंहले शनिबार छड्के अनुगमन गरेका थिए। अनुगमनका क्रममा २० वटा अस्पतालमध्ये अधिकांश मापदण्ड अनुरूप नभएको तथा केही अस्पताल दर्ताविनै सञ्चालनमा रहेको पाइएको थियो।

मुख्यमन्त्री सिंहले अवैध रूपमा सञ्चालन भइरहेका अस्पतालहरू तत्काल बन्द गर्न तथा आवश्यक मापदण्ड पूरा गरेपछि मात्र सञ्चालन गर्न निर्देशन दिएका थिए। यसैक्रममा मुस्कान अस्पताल, अरमान हस्पिटल प्रा.लि., जनकपुर सीता हस्पिटल प्रा.लि. र बीएन हस्पिटल एन्ड रिसर्च सेन्टर प्रा.लि. बन्द गरी सरकारलाई साँचो बुझाइएको छ।

तर, सरकारको कडाइबाट त्रसित भएका केही अस्पताल सञ्चालकहरू मोर्चाबन्दी गर्दै आन्दोलनको तयारीमा जुटेका छन्। आइतबार साँझ उनीहरूको बैठक बसेर 'प्राइभेट हस्पिटल एशोसिएसन जनकपुर धाम' नामक संस्था गठन गरिएको छ।

सुरक्षा अस्पतालका सञ्चालक डा. सरोज कुमार ठाकुरको अध्यक्षतामा गठित २५ सदस्यीय एसोसिएसनको उपाध्यक्षमा राम भरोस महतो, सचिवमा आविद हुसेन, कोषाध्यक्षमा संजय मण्डल र सहसचिवमा डा. शुभाषचन्द्र यादव छन्।

नवगठित संगठनले सरकारविरुद्ध संघर्षको तयारी गर्दै ज्ञापनपत्र बुझाउने, पत्रकार सम्मेलन गरी 'यथार्थ बाहिर ल्याउने' तथा 'निजी अस्पतालहरूलाई नियोजित रूपमा बदनाम गर्न खोजिएको' भन्दै प्रचारविरुद्ध अभियान सञ्चालन गर्ने जनाएको छ।

यसैबीच, समितिका पदाधिकारीहरूले अनुगमनको शैलीमाथि प्रश्न उठाएका छन्। स्वास्थ्य क्षेत्रको नियमनका लागि छुट्टै निकाय भए पनि मुख्यमन्त्री आफैं अस्पतालहरू अनुगमनमा खटिनु सरकारको गलत कदम रहेको उनीहरुको गुनासो छ ।

# महाकुम्भ मेला : हालसम्म ४२ करोडभन्दा बढीले गरे स्नान



महाकुम्भमा सहभागी हुन संसार भरका भक्तहरू आउँदै छन् । यस प्राचीन तथा भव्य कार्यक्रमको आध्यात्मिक महत्वको अनुभव गर्दै त्रिवेणी सङ्गममा पवित्र स्नान गर्न भक्तजनको घुइँचो लागेको हो ।

उत्तर प्रदेश सरकारले आइतबार मात्र प्रयागराज महाकुम्भमा सन् २०२५ मा करिब ८४ लाख २९ हजार भक्तजनले पवित्र स्नान गरेको बताएको छ । महाकुम्भमा हालसम्म ४२ करोडभन्दा बढी भक्तजनले आस्थाको डुब्की लिएका छन् । महाकुम्भ सन् २०२५ विश्वको सबैभन्दा ठुलो आध्यात्मिक र सांस्कृतिक कार्यक्रम हो, जसले विश्वभरका भक्तहरूलाई आकर्षित गर्दछ । महाशिवरात्रि २६ फेब्रुअरी सम्म यो भव्य कार्यक्रम चल्नेछ । यस कार्यक्रमले देश र विश्वभरबाट लाखौं भक्तजनहरूलाई आकर्षित गरिसकेको छ ।-एजेन्सी

**छोरा छोरीमा भेदभाव नगरौं । छोरीलाई पनि छोरा सरह उच्च शिक्षा दिऔं ।**






## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# जनकपुरका किशोरीहरुद्वारा प्रधानमन्त्रीलाई पत्राचार

**खबर दर्पण समाचारदाता**
**माघ २८ गते, जनकपुरधाम**



विवाहको उमेरहद २० वर्ष नै यथावत राख्नु पर्ने सुझावसहित धनुषाका किशोरीहरुले प्रधानमन्त्री केपी शर्मा ओलीलाई सोमबार अनुरोधसहितको पत्राचार गरेका छन् ।

धनुषाको विभिन्न किशोरी क्लबका किशोरीहरुले जिल्ला हुलाक कार्यालय धनुषामार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सम्बोधन गरी प्रधानमन्त्री ओलीलाई लेखेको अनुरोधसहितको पत्रमा विवाहको उमेरहद २० वर्षबाट घटाएर १८ वर्षमा झार्दा किशोरीहरुको शिक्षा, स्वास्थ्यलगायत भविष्यमा नराम्रो असर पर्न सक्ने भन्दै विवाहको उम्मेर २० वर्ष नै कायम हुनु पर्ने माग राख्नुभएको छ ।

विपी कोइराला माध्यमिक विद्यालय सपहीको कक्षा १० मा अध्ययनरत छात्रा प्रतिमा यादवले लेख्नु भएको पत्रमा उल्लेख छ। उहाँले लेख्नु भएको पत्रमा विवाहको उमेरहद २० वर्षबाट घटाएर १८ वर्षमा झार्दा किशोरी मानसिक रुपमा कमजोर हुनुको साथै कहिले पनि आत्मनिर्भर हुन नसक्ने उल्लेख गर्नुभयो ।

प्रधानमन्त्रीलाई पत्र पठाउन जिल्ला हुलाक कार्यालय पुगेको अर्का किशोरी सहिद खातुनले नेपालमा अध्ययन, अनुसन्धान तथा वैज्ञानिक तथ्यका आधार मा कानुनी रुपमै विवाहको उमेर २० वर्ष तय गरिएकोमा कानुन बनाउने तहबाटै उक्त उमेर १८ वर्षमा झार्ने बहस अगाडि बढनु राम्रो नरहेकाले आफूहरु प्रधानमन्त्रीलाई अनुरोधसहितको पत्र पठाएको बताउनुभयो ।

बाल बिवाह न्यूनिकरणका लागि मधेश प्रदेशको विभिन्न जिल्लामा अभियान नै सञ्चालन गरेको लाइफ नेपालका अध्यक्ष सुरैत ठाकुरले मधेश प्रदेशको आठवटै जिल्लाबाट सयौंको संख्यामा किशोरीले आज विवाहको उमेरहद २० वर्ष नै राख्न सुझावसहितको अनुरोधपत्र प्रधानमन्त्री ओलीलाई पठाएको जानकारी दिनुभयो ।

विवाहको उम्मेर २० वर्ष हुँदा विभिन्नखालका समस्याहरु समाजमा देखा पर्ने गरेको भन्दै यसलाई छलफलको विषय बनाउनुपर्ने चौतर्फी अवाज उठन थालेपछि प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समिति अन्तर्गत गठन भएको उपसमितिले २०८१ माघ २ गते विवाहको उमेरहद २० वर्षबाट घटाएर १८ वर्षमा झार्न सुझाव दिएको छ ।

# इंग्लैण्ड बिरुद्धको श्रृंखला भारतलाई



भारतले इङ्गल्यान्डसँगको दोस्रो एक दिवसीय खेलमा चार विकेटको सफलता पाएको छ। आइतबार भएको दिवा रात्रि खेलमा इङ्गल्यान्डले दिएको ३०५ रनको लक्ष्य पछ्याएको भारतले ३३ बल बाँकी रहँदा ६ विकेटको क्षतिमा ३०८ रन जोडेको हो ।

भारतका लागि कप्तान रोहित शर्माले शतकीय योगदान गरे। ९० बलको सामना गरेका उनले १२ चौका र ७ छक्काको सहयोगमा ११९ रन जोडेका हुन्। शर्माको यो ३२ औं एक दिवसीय शतक हो। जितसहित भारतले शृङ्खलामा २-० को अग्रता लिएको छ ।

यसैगरी, शुभमन गिलले ५२ बलमा ६० रन जोडे। यी दुईले पहिलो विकेटका लागि १६.४ ओभरमा १३६ रनको साझेदारी गरे। श्रेयास ऐयारले ४४ तथा अक्षर पटेलले अविजित ४१ रनको योगदान गरे। इङ्गल्यान्डका जेमी ओभरटनले ५ ओभरमा २७ र खर्चेर २ विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको इङ्गल्यान्डले एक बल बाँकी रहँदा सम्पूर्ण विकेट गुमाउँदै ३०४ रन जोडेको हो। इङ्गल्यान्डले राम्रो सुरुवात गरे पछिल्लोक्रम टिक्न सकेन । इङ्गल्यान्डका फिल साल्ट र बिन डकेटले पहिलो विकेटका लागि १०.५ ओभरमा ८१ रनको साझेदारी गरे । डकेटले ५७६ बलमा ६५ तथा साल्टले २९ बलमा २७ रनको योगदान गरे । इङ्गल्यान्डका जोए रुटले ६९ रन जोडे। लिभिङ लियाम स्टोनले ३२ बलमा ४१ रन जोडे। भारतका रवीन्द्र जडेजाले १० ओभरमा ३५ रन खर्चेर तीन विकेट लिए ।-एजेन्सी


# मोटर साइकल हरायो

मिति २०८१।१०।२५ गते सर्लाहीको लालबन्दी स्थित डिसहोम फाइवर नेटको कार्यालय अगाडी पार्किंग गरि राखेको तपसील विवरण भएको मोटरसाइकल हराएको हुँदा फेला पार्नु हुने महानुभावले मेरो मोबाइल नं ९८२७०२३२२९ मा सम्पर्क गर्नु हुन वा नजिकै को प्रहरी चौकीमा बुझाइ सहयोग गरिदिनु हुन अनुरोध छ।

**तपसील**

नाम : सतिश कुमार यादव
कम्पनी : हुलास अटो
सवारी मोडल : पल्सर 200NS
सिसि : १९९.५
च्यासिस नं. MD2A36FX3RCE98545
इन्जिन नं. JLXCRE95362
कलर : EBONY BLK SATIN BLK
गाडी नं. मधेश प्रदेश ०२-००८ प ३४४०


# धनुषामा बाँस सामग्रीको प्रदर्शनी

**खबर दर्पण समाचारदाता**
**माघ २८ गते, ढल्केवर**



धनुषाको धनुषाधामा बाँस सामग्री प्रदर्शनी राखिएको छ । हाबिटाट फर ह्युमनिटी नेपालको सहयोग तथा सामुदायिक सुधार केन्द्र धनुषाको साझेदारीमा दुईदिने बाँस साम्रगीको प्रदर्शनी राखिएको हो ।

बाँसको उपयोगिता बढाउँदै वातावरणमैत्री उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले प्रदर्शनी राखिएको सामुदायिक सुधार केन्द्रका अध्यक्ष सञ्जयकुमार साहले बताउनुभयो । कङ्क्रिट र काठको विकल्पका रुपमा बाँसको प्रयोग बढाउनुपर्ने बताउँदै प्रशोधित बाँसले निर्माण गरिएको घर पक्की जस्तै टिकाउ हुने जानकारी दिनुभयो ।

उहाँका अनुसार पछिल्ला वर्षमा बाँस सामग्रीको उपयोग कम हुँदै गएको छ। बाँस सामग्रीको सट्टा सिल्भर, स्टिल, जस्ता पाता, प्लास्टिकका सामानले बजार पाउन थालेको छ । प्लास्टिकजन्य सामग्रीले वातावरण प्रदूषण र स्वास्थ्यमा प्रतिकूल असर पार्ने भएकाले बाँसका सामग्रीको प्रयोग बढाएर दिगो प्राकृतिक वस्तुको प्रभावकारी उपयोग गर्न सकिने अध्यक्ष साहले बताउनुभयो ।

उहाँले बाँस छिटो हुर्कने वनस्पति भएकाले यसलाई आर्थिक समृद्धिको माध्यम बनाउन सकिने उल्लेख गर्दै नेपाली समाजमा जन्मदेखि मृत्युसम्म बाँसको उपयोग हुने र यसले रुखभन्दा बढी अक्सिजन दिने तथा कार्बन उत्सर्जन गर्ने भएपनि बजार व्यवस्था विस्तार हुन नसकेको उहाँले जानकारी दिनुभयो

प्रदर्शनीमा विभिन्न प्रकारका बाँसबाट निर्मित सामग्री प्रदर्शनमा राखिएका छन् । प्रदर्शनीमा अवलोकन गर्न आउनेहरु बाँसको बहुउपयोगिता र वातावरणमैत्री उत्पादनप्रति चासो देखाइरहेको आयोजकले जनाएको छ ।


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा उदीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।

# वन्यजन्तुको बसाइ गाउँबस्ती नजिक,स्थानीय जनता प्रभावित

**खबर दर्पण समाचारदाता**

**माघ २८ गते, बर्दिवास**



पछिल्लो समय जङ्गली वन्यजन्तु गाउँबस्ती वरिपरी नै रमाउन थालेका छन् । पछिल्लो एक दशकपछि गाउँबस्ती छेउछाउमा बँदेलको सङ्ख्या बढ्नेक्रम जारी छ । सुरूमा सिकारीको चहलपहल छल्न र आहाराको खोजीमा वन क्षेत्रबाट बस्ती पसेका बँदेल गाउँबस्तीमै रमाएर आफ्नो बासस्थान बिर्सन थालेका छन् । बँदेलका शाखा सन्तान यतै वृद्धि भएपछि बस्ती नजिकका झाडी यिनको नयाँ बासस्थान बनेको स्थानीय बासिन्दाको भनाइ छ ।

'हाम्रो गाउँको पुछारमा दशगजा (नेपाल भारत सीमा) नजिकका झाडीमा बँदेलका तीन/चार पुस्ता देखिन्छन्,' जलेश्वर-५ चौरिया बस्तीका ७५ वर्षीय र हिमन मण्डल भन्छन्, 'यिनलाई किसानले लगाएका बाली आहारा छँदैछ, बस्न झाडी खोज्छन्, अनि किन सम्झुन् वनजङ्गल !' मण्डलले सीमा क्षेत्रका चौरिया, पतैली, मुसर पट्टि र खैरासम्मका आफ्ना वरपरका बस्ती नजिक अब झुण्ड-झुण्डमा बँदेलको स्थायी बसोबास बढेको बताए ।

दक्षिणतर्फ भारतसँग सीमा जोडिने पूर्व मटिहानीदेखि पश्चिमको खैरवनीसम्मको करिब ३९ किलोमिटरसम्म बँदेलको सघन उपस्थिति छ । अझ नदी उकास क्षेत्रका काँसका झाडी भएका ठाउँमा त झन् बढी बँदेल देखिने गरेको खैरवनीका बासिन्दा कौशीलाल यादव बताउँछन् । नेपालतर्फ मात्र नभएर सीमापारिका भारतीय बस्तीमा पनि उल्लेख्य सङ्ख्यामा बँदेल देखिने गरेको यादवको भनाइ छ ।

बर्दिबासबाट १५ किलोमिटर दक्षिणको भङ्गाहा नगरपालिका क्षेत्रका अधिकांश बस्तीमा अहिले बँदेलको आतङ्क छ। उखु नकाटिउन्जेल त्यसैको घारीमा बस्ने बँदेल एक ठाउँको उखु काटिएपछि नजिककै अर्कोतिर बास सारेर बस्ने गरेका भङ्गाहा-४ का सामाजिक कार्यकर्ता ६५ वर्षीय मुकुन्द दाहाल बताउँछन् । बँदेलको आतङ्कले घाँसपात गर्न, खेतबारी हेरविचार गर्न र घुमफिरमा निस्कन डरमर्दो भएको दाहालको भनाइ छ । तर पाँच-सात वर्षअघि भर्खर वनबाट बस्ती नजिक आएका बँदेलको जस्तो जङ्गली व्यवहार भने अहिले यस क्षेत्रमा पाइने बँदेलको नरहेको दाहालको अनुभव छ । बँदेलले धेरैजसो ससाना केराका कोथा, कोवी, गहुँ, हरिया तरकारीका बोट उखेलेर खाने गरेको किसानको गुनासो छ । 'हामीले यिनको आतङ्कले पछिल्ला ४-५ वर्षयता राम्ररी बाली लिन पाएका छैनौँ,' रामगोपालपुर-२ मोहनपुरका मोहम्मद कादिर हुसैन भन्छन्, 'अब त यिनकै लागि बाली लगाएजस्तो भएको छ ।'

बँदेलजस्तै नीलगाई पनि अब जिल्लाका सुदूर दक्षिणी बस्तीसम्म बाक्लै भेटिन्छन् । नीलगाई चाहिँ वनतिर ओहोर दोहोर गरिरहेका अवस्थामा भेटिने गरेको औरही नगर पालिका-४ बैरियाका रामस्नेही यादव बताउँछन् । 'बँदेल त यतै स्थायी रूपले बस्न थालेका छन्, नीलगाई भने यता चरेर केही दिनको फरकमा वनतिर आउनेजाने गरिरहेका बुझिन्छ,' यादव भन्छन्, 'यद्यपि नीलगाई पनि ठाउँठाउँमा निकै सङ्ख्यामा देखिन्छन् ।' अब बँदेल र नीलगाई वन्यजन्तु नभएर बस्ती वरपर बसोबास गर्ने जन्तुसरह बनेका यादवसहितका सो बस्तीका बासिन्दा बताउँछन् ।

जिल्लाका १५ वटै स्थानीय तहका बस्ती वरपर अहिले बँदेल र नीलगाईको उत्पातले किसान दिक्क भइरहेका छन् । यिनको नियन्त्रणमा सरकारले पहलकदमी नलिएको किसानको दुखेसो छ । 'हामी स्थानीय तह, प्रहरी, प्रशासनमा हारगुहार गरेको गरिरहेका छौँ,' बलवा नगरपालिकाको रौजाका मन्सुल कवारी भन्छन्, 'तर भरपर्दो कुनै उपाय खोजिएको देखिँदैन ।'

बँदेल, नीलगाईसँगै अब दुम्सी पनि गाउँबस्ती नजिक बाक्लै देखिन थालेका छन् । दुम्सीको बासस्थान पनि उखुघारी र काँसझाडी नै हुने गरेको स्थानीय बासिन्दा बताउँछन् । वनमा अत्यधिक मानव चहलपहल बढ्दै जानु, सिकारीबाट हेन आक्रमण बढ्नु, पानी र आहाराको कमी हुँदै जानुले वन्यजन्तु गाउँबस्तीतिर आउनेक्रम बढेको पूर्वसहसचिव एवं कृषिविज्ञ स्थानीय भङ्गाहा-५ सीतापुरका रामबहादुर भुजेलको ठम्याइ छ ।

# धानुक जातिको कुल देवता राघो बाबाको बिधिवत पुजा

**खबर दर्पण समाचारदाता**

**माघ २८ गते, बर्दिवास**



महोत्तरीको मटिहानीमा आज हरसोउल्लासका साथ धानुक ( मण्डल) जातिको कुल देवइता श्री राघो बाबाको बिधिवत पूजा गरिएको छ ।

प्रत्येक वर्ष माघ महिनामा गरिने उक्त पूजामा चामल,गुड़( मीठा) र दुधबाट बनाइएको खीर राघो बाबालाई चढ़ाउने परम्परा रहेको स्थानीय रन्जन मण्डलले बताउनु भयो ।

धानुक (मण्डल) जातिको प्रत्येक परिवारबाट उक्त खीर कुल देवता रहेको मन्दिर परिसरमै माटोको चूल्होंमा पकाएर चढ़ाउने गरिन्छ ।

उक्त पूजामा शुद्ध मनले प्रार्थना गरेमा सबै इच्छा र मनोकामना पूरा हुने जनविश्वास रहेको छ । मधेश प्रदेशकै सब भन्दा सुन्दर र प्रसिद्ध धानुक जातिको मंदिर रहेको मटिहानीमा राघोबाबाको दर्शन गर्न हजारौ श्रद्धालुहरुको भिड़ रहेको थियो ।


खाना पकाउने ग्यॉस (एल.पी. ग्यॉस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्यॉस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यॉसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्यॉसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्यॉस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यॉस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्यॉस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने वस्तुहरु जस्तै ग्यॉस चुल्हो, सलाइं, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्यॉस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्यॉस विक्रेता अथवा ग्यॉस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१



शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,

✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प

✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल

साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,